पदपूर्ति समिति

# सन्धिखर्क नगरपालिका कार्यालय

सन्धिखर्क, अर्घाखाँची

## बढुवा सम्बन्धी सुचना

सूचना प्रकाशन मिति: २०७२/०७/१७

सूचना नं. २/०७२–७३

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२५ (ख) को उपनियम (२) बमोजिम कार्यसम्पादन तथा अनुभवनको मूल्यांकद्वारा गरिने बढुवा निम्नानुसारको पदमा बढुवा गरी पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १ महिनाभित्र उल्लेखित नियम तथा उपनियमको व्यवस्था अनुसार रीतपूर्वको दरखास्त आव्हान गरिन्छ ।

पद : सबइन्जिनियर सहायक स्थर पाचौं (प्राबिधिक)  संख्या १ -एक)

## सेवा करार सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति: २०७२/०७/१७**

यस सन्धिखर्क नगरपालिका कार्यालयको लागि देहाय अनुसारका पदहरु सेवा करारको माध्यमबाट पदपुर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित मितिले आफूले प्राप्त गरेको तथा आवश्यक शैक्षिक तथा प्राबिधिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि सहित १५ दिनभित्र  रीतपूर्वको दरखास्त आव्हान गरिन्छ । सूचनाको विस्तृत व्यहोरा यस कार्यालयको सुचना पाटीमा टाँस गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | पद संख्या | पद | पदपूर्तिको किसिम | कैफियत |
|---|---|---|---|---|
| १. | १ | कम्प्युटर अपरेटर -प्राविधिक, सहायक स्तर चौंथो | खुल्ला | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी.पास गरी कप्युटर बेसिक कोर्ष गरेको |
| २. | १ | कम्प्युटर अपरेटर -प्राबिधिक, सहायक स्तर चौंथो | महिला | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी.पास गरी कप्युटर बेसिक कोर्ष गरेको |
| ३ | २ | कार्यालय सहयोगी | खुल्ला | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ पास |
| ४ | १ | सवारी चालक | खुल्ला | दमकल, ट्रिपर जस्ता सवारी साधन चलाउन सक्ने (हेभी) लाइसेन्स प्राप्त |

सदस्य सचिव

पदपूर्ति समिति

पदपूर्ति समिति

# सन्धिखर्क नगरपालिका कार्यालय

सन्धिखर्क, अर्घाखाँची

## प्रतियोगितात्मक लिखित परीक्षाको सूचना

**सूचना प्रकाशन मितिः २०७२/०७/१७**

**सूचना नं. १/०७२-७३**

देहायका पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्तिका लागि निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ।

| क्र. सं. | वि.नं. | पदपूर्तिको किसिम | माग पद संख्या | पद | तह | परीक्षा मिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| १. | १/०७२-७३ | खुला | १ (एक) | सिभिल ईन्जिनियर (प्राविधिक) | अधिकृत छैठौं | परीक्षा मिति सम्पर्क मितिमा तोकिने छ। **सम्पर्क मितिः २०७२ मंसिर १५ गते।** | | |
| २. | २/०७२-७३ | खुला | १ (एक) | कार्यालय सहायक प्रशासन | सहायक स्तर पाँचौ | | | |
| ३. | ३/०७२-७३ | खुला | २ (दुई) | कार्यालय सहायक प्रशासन | सहायक स्तर चौथो | | | |
| ४. | ४/०७२-७३ | समावेशी–महिला | १ (एक) | | | | | |
| ५. | ५/०७२-७३ | समावेशी–आ.ज. | १(एक) | | | | | |
| ६. | ६/०७२-७३ | खुला | १ (एक) | अमिन | सहायक स्तर चौथो | | | |

**परीक्षाको किसिमः** **अधिकृत स्तर छैटौं तह (सिभिल ईन्जिनियर) को लागिः** लिखित र अन्तरवार्ता।
**सहायक स्तर पाँचौ तह (प्रशासन) को लागिः** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता।
**सहायक स्तर चौथो तह (प्रशासन)को लागिः** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता।
**अमिन सहायक स्तर चौथो तह (प्राविधिक) को लागिः लिखित, प्रयोगात्मक र अन्तरवार्ता।**
**परीक्षा केन्द्रः** पदपूर्ति समिति, सन्धिखर्क नगरपालिका कार्यालयले तोके बमोजिम हुनेछ।

**परीक्षा दस्तुरः** अधिकृत स्तर छैटौं तहको लागि रु ७०० (सात सय), सहायक स्तर पाँचौ तहको लागि रु ४०० (चार सय) र सहायक स्तर चौथो तहको लागि रु ३०० (तीन सय) मात्र।

**परीक्षामा प्रयोग गर्ने मसीः** परीक्षार्थीले परीक्षा दिंदा उत्तरपुस्तिकामा कालो मसी मात्रै प्रयोग गर्नुपर्नेछ। अन्यथा परीक्षा रद्द हुने व्यहोरा समेत जानकारी गराईन्छ।

**दरखास्त फारमः** एकिकृत परिक्षा प्रणालीको लागि लोकसेवा आयोगले निर्धारण गरेको दरखास्त फारम।

**दरखास्त दिने स्थानः** **सन्धिखर्क नगरपालीका कार्याल,** सन्धिखर्क, अर्घाखाँची। परीक्षा भवनमा प्रवेश पत्र वितरण नगरिने निर्णय भएको हुँदा अनिवार्य रुपमा परीक्षा संचालन हुने दिन अगावै दरखास्त बुझाएको कार्यालयबाटै प्रवेशपत्र लिनुहुन सुचित गरिन्छ।

**दरखास्त दिने अन्तिम मितिः** २०७२/०८/०७ गते सम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) र दोब्बर दस्तुर तिरी मिति २०७२/०८/१४ गते सम्म।

**अन्तरवार्ता हुने मितिः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सम्बन्धित शाखा तथा पद नाम अनुसार।

**तलबः** प्रचलित स्केल बमोजिम।

**सेवा सम्बन्धी मन्त्रालयः** संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय।

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः** **अधिकृत स्तर छैटौं तह (सिभिल ईन्जिनियर) को लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियनियरिगं विषय लिइ वि.ई. उत्तिर्ण।
**सहायक स्तर पाँचौ तह (प्रशासन) को लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
**सहायक स्तर चौथो तह (प्रशासन) का लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण।
अमिन सहायक स्तर चौथो तह (प्राविधिक) का लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट अमिन कोर्ष पास गरेको।

**द्रष्टव्यः**

क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (अ) लब्धांकपत्र आ) चारित्रिक प्रमाणपत्र) र इ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एवम् दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ। प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयम्ले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्नेछ। साथै आदिवासी/जनजाति कोटामा दरखास्त पेशगर्ने उम्मेदवारहरुले आदिवासी जनजाती खुलेको प्रमाण पेश गर्नु पर्ने छ।

ख) दरखास्त दिने अन्तिम मिति सम्ममा सहायक स्तरका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र अधिकृत स्तरका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको साथै महिला र अपाङ्को हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ। बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन।

घ) स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१४ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

ङ) पदपूर्ति समितिद्वारा तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुले अन्तरवार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यताको स्थायी/अस्थायी प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

छ) दरखास्त फाराम तथा पाठ्यक्रम दरखास्त बुझाउने स्थानबाट रु. ५०/- (पचास मात्र)मा खरिद गरी प्राप्त गर्न सकिने छ।

ज) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै पदपूर्ति समितिको सचिवालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन समिति बाध्य हुने छैन।

**सदस्य सचिव**
**पदपूर्ति समिति**